नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२ चलानी नं.:- ५६

मितिः-२०८१/०५/१२

ने.सं.११४४ गुँलागा १०

विषयः- हैजा लगायत पानीजन्य रोगहरुको रोकथामका लागि कार्यक्रम संचालन गर्ने सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

खानेपानी मन्त्रालय, खानेपानी तथा सरसफाइ महाशाखाको च.नं. २९ मिति २०८१/०५/०२ को हैजा लगायत पानीजन्य रोगहरुको रोकथामका लागि कार्यक्रम संचालन गर्ने सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

.......................

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री खानेपानी मन्त्रालय, खानेपानी तथा सरसफाइ महाशाखा, सिंहदरबार, काठमाडौं।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार

# खानेपानी मन्त्रालय

खानेपानी तथा सरसफाइ महाशाखा

फोन नं.: ४२११४३३
फ्याक्स: ९७७-१-४२११६९३
सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्या :- ०८१।८२
चलानी नं. :- २९

मितिः२०८१/०५/०२

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ६६६
दर्ता मिति:- २०८१/०५/०६

**विषय: हैजा लगायत पानीजन्य रोगहरुको रोकथामका लागि कार्यक्रम संचालन गर्ने सम्बन्धमा।**

यस वर्ष देशका विभिन्न भागहरुमा अत्यधिक वर्षा भइरहेकोले खानेपानी तथा सरसफाइका पूर्वाधारहरुमा क्षति पुगिरहेको छ भने पानीजन्य किटाणुहरुका कारणले खानेपानीको मुहान, खानेपानीको पाइप, धारा लगायत खानेपानीका विभिन्न श्रोतहरु प्रदुषित भईरहेका छन्। यसरी प्रदुषित खानेपानीको प्रयोगबाट हैजा लगायतका विभिन्न पानीजन्य रोगहरुको प्रकोप बढिरहेको सन्दर्भमा सबै स्थानीय तहहरुले उक्त रोगहरुको रोकथामका लागि देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्न आवश्यक भएकोले सबै स्थानीय तहहरुलाई पत्राचार गरि सहयोग गरिदिनुहुन निर्देशानुसार अनुरोध गरिन्छ।

**देहायः**

क) ट्यूबवेल, हातेपम्प, इनार, कुवा, खोला जस्ता श्रोतहरु, कामदारहरु अत्यधिक जम्मा भएको स्थानहरु, सुकुम्वासी बस्तीहरु, क्लोरिनेशन बिना पानी वितरण भएका क्षेत्रहरु र विपदबाट विस्थापित मानिसहरु बसोवास गरेको स्थानहरुको नक्साङ्कन गरी रोकथामजन्य कार्यक्रमहरु संचालन गर्ने।

ख) नक्साङ्कनको आधारमा जोखिम क्षेत्रको रुपमा पहिचान भएका स्थानहरुको खानेपानी चुहावट नियन्त्रण कार्य अगाडि बढाउने। साथै, डिप ट्यूबवेलको पानीको प्रदुषण रोक्न सोको प्लेटफर्म सिल गर्ने।

ग) पानीजन्य रोगको जोखिम भएका स्थानहरुमा रहेका सार्वजनिक तथा घरायसी धारा, इनार, हातेपम्प तथा पानी ट्यांकीहरुको पानीको नमुना संकलन र परिक्षण गर्ने।

घ) खानेपानी संकलन गर्ने स्थान (धारा, ट्यांकर, इनार, मुल आदी) को Free Residual Chlorine (FRC) को मात्रा ०.५ पिपिएम ( Part per million) मा कायम राख्ने ।

ङ) इनारको पानीमा क्लोरिनेसन गर्ने।

च) ठोस फोहोरको संकलन गर्ने, फोहोर छुट्याउने तथा ढुवानी गर्ने स्थानमा किटनाशक औषधीहरु छर्ने।

छ) ट्यांकर व्यवसायवाट वितरण भइरहेको पानीमा अनिवार्य क्लोरिनेसन गरी ०.२ पिपिएम FRC को मात्र सुनिश्चित गर्ने।

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.: ९२३
मिति: ०५/०९

नेपाल सरकार
# खानेपानी मन्त्रालय
खानेपानी तथा सरसफाइ महाशाखा

फोन नं.: ४२११४३३
फ्याक्स: ९७७-१-४२११६९३
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :-
चलानी नं. :-

ज) स्थानीय तहहरु र अन्य संस्थाहरुसंग समन्वय गरी जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने।

झ) खानेपानी तथा सरसफाइका पूर्वाधारहरुमा भएको क्षतिको विवरण संकलन गर्ने।

(सन्जु लामिछाने)
सि.डि.इ.